# विवेकको काम



बिक्रीका लागि होइन ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र

# विवेकको काम



बिक्रीका लागि होइन ।

यो सन्दर्भ सामग्री
पुस्तकालय प्रयोजनका लागि हो ।
बिक्री गर्न पाइने छैन ।

लेखक
विभूषा पराजुली

चित्राङ्कन
कीर्ति कौशल जोशी

सम्पादन
शाश्वत पराजुली

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर

बिक्रीका लागि होइन ।

प्रकाशक : नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

© प्रकाशकमा

परिमार्जित संस्करण : २०७६

---

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) को सहयोगमा यो सन्दर्भ सामग्री प्रकाशन भएको हो । यसमा समाविष्ट सामग्रीको जिम्मेवारी प्रकाशकमा निहित छ । यसमा रहेका सामग्रीले युएसएआइडी र अमेरिकी सरकारको अवधारणालाई प्रतिनिधित्व गर्दैनन् ।

# हाम्रो भनाइ


बालबालिकाको पठन सिप बढाउन, मनोरञ्जन प्रदान गर्न, मानसिक र बौद्धिक विकासका लागि सिकाइसम्बद्ध सन्दर्भ सामग्रीहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । सन्दर्भ सामग्रीले बालबालिकालाई अध्ययनशील बनाउनका साथै पढाइ सिप विकास गरी पाठ्यपुस्तकमा भएका विषयवस्तु ग्रहण गर्नसमेत मदत गर्छ ।

पाठ्यक्रम विकास केन्द्रद्वारा राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम कार्यान्वयन गर्ने क्रममा रुम टु रिडले तयार गरेको यो सन्दर्भ सामग्रीलाई अद्यावधिक गरी युएसएआइडीको आर्थिक सहयोगमा प्रकाशनमा ल्याइएको हो । प्रस्तुत सन्दर्भ सामग्री कक्षा १ देखि ३ सम्मका विद्यार्थीहरूका लागि उपयोगी हुने गरी विकास गरिएको छ तापनि आवश्यकतानुसार जुनसुकै कक्षामा पनि प्रयोग गर्न सकिने छ ।

बिक्रीका लागि होइन ।

प्रस्तुत सामग्री शिक्षकहरूले सबै बालबालिकाहरूलाई पढ्ने मौका दिई आपसमा छलफलसमेत गराई उनीहरूको पठन सिप विकासमा सहयोग गर्नुहुने छ भन्ने अपेक्षा गरिएको छ । अन्त्यमा यस सामग्रीका सम्बन्धमा प्राप्त हुने सुझाव एवम् प्रतिक्रियाका लागि पाठ्यक्रम विकास केन्द्र सदैव स्वागत गर्दछ ।

वि.सं. २०७६ **पाठ्यक्रम विकास केन्द्र**




एउटा घर थियो । घरको भऱ्याङमुनि कमिलाको गोला थियो । गोलाका सबै कमिला मिहिनेती थिए । उनीहरू समयमै खानाको जोहो गर्थे ।

सबै मिलेर केटाकेटीले छरेका मिठाई लिएर ल्याउँथे। लाम लागेर मरेको गँड्यौला बोकेर ल्याउँथे।



बिक्रीका लागि होइन

सबै कमिला दिनरात काममा जुट्थे। विवेक नाम गरेको कमिला भने काम नगरी आनन्दले बसिराख्थ्यो । एक दिन ऊ गोलाको छेउमा हातको तकिया बनाएर आराम गरिरहेको थियो ।




बिक्रीका लागि होइन ।

"विवेक तिमी के सोचिरहेका छौ ? तिमी किन काम गर्दैनौ ?" एउटा कमिलाले सोध्यो ।



"म काम गर्छु त !" विवेकले भन्यो, "तिमीहरूले देखेनौ, म आकाशको बादल हेरेर बसिरहेको छु ।"

अर्को दिन विवेक ढोकामा बसेर बाहिर हेरिरहेको थियो । एउटा ठिटो कमिलाले विवेकलाई जिस्क्याउँदै सोध्यो, “अहिले चाहिँ के काम गरेको त विवेक ?”



बिक्रीको लागि होइन



“देखेनौ ? म पानी परेको हेरिरहेको छु ।”

“त्यो पनि कुनै काम हो त ?”

“अनि के त ? यो पनि त कामै हो नि !”

अर्को दिन बेसरी हावाहुरी चल्यो । सबै कमिला गोलाभित्रै एक ढिका भएर बसे । विवेक भने झ्यालबाट बाहिर चियाइरहेको थियो ।



"के तिमी अहिले पनि काम गरिरहेका हौ त ?" बुढो कमिलाले सोध्यो ।

"हो त, म सधैँ केही न केही गरिरहन्छु ।" विवेकले भन्यो ।



एक दिन विवेक आकाशतिर हेरेर बसिरहेको थियो । उसले आकाशमा कालो बादल देख्यो । बादल हाँडीको पिँधजस्तै कालो थियो ।



बिक्रीका लागि होइन ।

विवेक हत्त न पत्त गोलामा फर्कियो । उसले खानेकुरा खोज्न जान लागेका आफ्ना साथीहरूलाई भन्यो, “बाहिर कोही पनि नजाओ है । ठुलो पानी पर्दै छ ।”



बिक्रीका लागि होइन ।

विवेकको कुरा कसैले सुनेनन्। सात कमिला बाहिर निस्के। एकैछिनमा मुसलधारे पानी पऱ्यो। ती कमिलालाई पानीले बगायो। उनीहरू बगेर ठुलो खोलासँगै मिसिए।



त्यस साँझ पनि बेसरी हुरीबतास चल्यो । रातभरि पानी पऱ्यो । गोलाका कमिलाहरू खानेकुरा खोज्न जान सकेनन् । भोकले उनीहरू सुत्नै सकेनन् ।



विवेक गोलाको मुखबाट बाहिर हेरिरहेको थियो । बुढो कमिलाले सोध्यो “के तिमी अहिले पनि काम गरिरहेका छौ त ?”



“अवश्य, म खुसीको कुरा सुनाउन लागिरहेको छु ।” सबै कमिलाका कान ठाडा भए ।

उसले रातो रातो देखिएको आकाशतिर हेर्दै भन्यो, “अब केही छिनमा हामी बाहिर जान सक्छौँ ।



बिक्रीका लागि होइन ।

अब पानी पर्दैन । बतास पनि चल्दैन । बाहिर थुप्रै गँड्यौला भेटिने छन् ।”

सबै कमिला खुसी भए। उनीहरू लाम लागेर बाहिर आए। धेरै पर जानै परेन। गोलाको नजिकै गँड्यौला भेटिए।



बिक्रीका लागि होइन

बिक्रीका लागि होइन ।

बिक्रीका लागि होइन ।